

NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 1 6/16/23 16:07

ICIMOD

Air pollution is a growing problem that needs increased awareness in young and old. With this book, funded by the Atmosphere Programme at the International Centre for Integrated Mountain Development (ICIMOD), we hope to plant the seeds for change in the minds of children in Nepal. The International Centre for Integrated Mountain Development (ICIMOD) is a regional intergovernmental learning and knowledge sharing centre serving the eight regional member countries of the Hindu Kush Himalayas and the global mountain community. We're working to develop an economically and environmentally sound mountain ecosystem to improve the livelihoods of mountain populations – now, and for the future.

**चन्चलेको यात्रा**

Chanchale's Journey

ISBN 978-9937-655-63-7
First edition
Copyright © Room to Read 2017
All rights reserved.

CC BY

Room to Read is proud to make many of our books available for free under Creative Commons Attribution 4.0 (1) license. This means anyone can freely read, download, print, translate, adapt, and share these books.

For more information visit
https://creativecommons.org/licenses/by/2.0/

Room to Read

Room to Read seeks to transform the lives of millions of children in developing countries by focusing on literacy and gender equality in education, working in collaboration with local communities, partner organizations and governments. We develop literacy skills and a habit of reading among primary school children and support girls to complete secondary school with the relevant life skills to succeed in school and beyond.

**Room to Read**
Post Box 21103, Kathmandu, Nepal.
Phone: 5553987, Fax: 5547520
email: nepal@roomtoread.org
web: www.roomtoread.org

# चञ्चलेको यात्रा




लेखक
रोशन पोखरेल

चित्राङ्कनकर्ता
उज्वल तामाङ

सम्पादक
डा. ध्रुवकुमार घिमिरे

चन्चले आँगनमा खेल्दै थियो। उसले डाँडातिर हेर्‍यो।
सधैँ झैँ बाक्लो कालो धुवाँले डाँडालाई ढपक्क ढाकेको थियो।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 4 6/16/23 16:07



“त्यो धुवाँ कताबाट आयो? त्यो डाँडापारि के होला?
आज त म पत्ता लगाइछाड्छु।” चन्चलेले निधो गऱ्यो।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 5 6/16/23 16:07

चन्चलेले आफ्नो प्याराग्लाइडर बोक्यो। ऊ फटाफट उकालो लाग्यो। चन्चले प्याराग्लाइडर उडाउन ठुलो चौरमा दौड्यो अनि प्याराग्लाइडरमा उड्यो।





"आहा, क्या मज्जा!"





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 7 6/16/23 16:07



उड्दै जाँदा ऊ धुवाँ आइरहेको ठाउँमाथि पुग्यो। चारैतिर बाक्लो धुवाँ नै धुवाँ थियो। उसका आँखामा धुवाँ पस्यो। उसको आँखा पिरो भयो। उसले केही देखेन। उसको प्याराग्लाइडर असन्तुलित भयो। चन्चलेको प्याराग्लाइडर एउटा अग्लो चिम्नीमा ठोकिएर अल्झिन पुग्यो।

"छ्या ! कस्तो गन्हाउने हावा, सास फेर्न गाह्रो भयो !" चन्चले करायो।

चन्चलेले अल्झिएको प्याराग्लाइडरलाई तानतुन गऱ्यो। चिम्नीबाट प्याराग्लाइडर फुस्क्यो र चन्चले एउटा ठूलो फोहरको थुप्रोमा खस्यो। चन्चलेले चारैतिर हेऱ्यो र अचम्म पऱ्यो।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 9 6/16/23 16:07

आकाश त पुरै बाक्लो कालो धुवाँले ढाकिएको थियो। ट्रक र मोटरसाइकलहरू उसकै अगाडिबाट बाक्लो कालो धुवाँ निकाल्दै गुडिरहेका थिए।

“ओहो, कस्तो फोहर!” उसले भन्यो।







NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 11 6/16/23 16:07



चन्चलेले पानी खोज्न थाल्यो। तर जतासुकै फोहरै फोहर मात्र थियो। उसको जिउ चिलाउन थाल्यो। ऊ दुखी भएर एउटा कुनामा बस्यो। एउटी सानी फुच्चीले चन्चलेलाई परैबाट देखी। ऊ चन्चलेको नजिकै गई।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 12 6/16/23 16:07

"मेरो नाम चतुरी हो। तिमी को हौ? कहाँबाट आएका हौ?"
उसले चन्चलेसँग सोधी। चन्चले भक्कानिएर रून थाल्यो।



"मेरो नाम चन्चले हो। त्यो डाँडाभन्दा पारि मेरो घर छ। यहाँको जस्तो त्यहाँ धुलो, धुवाँ, दुर्गन्ध, फोहर केही छैन। धुवाँले गर्दा मेरो घरको बाटो ढाकियो। मेरो ग्लाइडर पनि बिग्रियो। अब म कसरी घर जाने होला?" चन्चलेले रूँदै भन्यो।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 14 6/16/23 16:07



“धुवाँ नभएको ठाउँ पनि हुन्छ र?” चतुरीले छक्क पर्दै सोधी।
“हेर, जिउभरि फोहरै फोहर! हिँड, मेरो घर।” चतुरीले भनी।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 15 6/16/23 16:07

घर पुगेर चतुरीले आफ्नो आमा बुवालाई चन्चलेको बारेमा सबैं कुरा भनी।

“डाँडापारि पनि बस्ती छ भनेर मैंले पनि सुनेको हुँ। तर आजसम्म देख्न पाएको छैंन। यताको डाँडालाई जहिले पनि धुँवाले ढाकेको हुन्छ। त्यहाँभन्दा पर झन् के देख्नु!” चतुरीका बवाले खोक्दैं भने।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 16 6/16/23 16:07



"बुवा, चन्चलेले भनेको यो धुवाँ हटाए उसको सहर देखिन्छ रे।" चतुरीले भनी।

"हो, यो सहर त धुवैँधुवाँले भरिएको रहेछ। तपाईंलाई खोकी लाग्नुको कारण पनि धुवाँ नै हो। हामीले सास तान्दा हावासँगै धुवाँ हाम्रो फोक्सोमा पुग्छ। हामीलाई सास फेर्न अप्ठ्यारो हुन्छ। हाम्रो शिक्षकले हामीलाई यही भन्नुभएको थियो।" चन्चलेले भन्यो।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 17 6/16/23 16:07



त्यसै बेला खुला झ्याल र ढोकाबाट उनीहरू बसेको कोठाभरि धुवाँ भरियो। चतुरी दगुरेर बाहिर निस्की। उसले घर नजिकैको बाटोमा ठुला बाले प्लास्टिक र फोहर बाल्दै गरेको देखी।

"यो के गर्नुभएको? हेर्नोस् त धुवाँ कोठाभरि पसेर हाम्रो बुवालाई सासै फेर्न गाह्रो भयो।" चतुरीले भनी ।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 18 6/16/23 16:07

हैँ हैँ हैँ, ठुला बा हाँसे। "फोहर नबालेर के गर्ने? तिम्रो घरमा लगेर थुपारिदिऊँ? बडो जान्ने नबन। कोठामा धुवाँ पसे झ्याल ढोका बन्द गरे भइहाल्यो नि।" ठुला बाले भने।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 19 6/16/23 16:07

ठुला बाका कुरा सुनेर चतुरी रिसाई। उसले नजिकैको बाल्टिनभरिको पानी आगोमा खन्याइदिई।

"के गरेकि!" ठुला बा कराए।

त्यतिन्जेलसम्ममा चतुरीका आमा बुबा र चन्चले बाहिर आइसकेका थिए। वरपरका सबै जम्मा भए।



सबै जम्मा भएको मौका पारेर चन्चलेले भन्यो, “नमस्कार, मेरो नाम चन्चले हो। म त्यो डाँडापारि बस्छु। म सधैँ यतातिरबाट धुँवा आइरहेको देख्थेँ। धुवाँ पछ्याउँदै आएको त म यहाँ आइपुगेँ। तपाईंहरूको सहर अति सुन्दर छ। तर धुवाँले तपाईंहरू सबैलाई हानि पुऱ्याइरहेको छ।”





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 21 6/16/23 16:07



"तर हामी के गर्न सक्छौँ र? फोहर बाल्नै पऱ्यो। गाडी र कारखाना पनि चलाउनै पऱ्यो। खाना पकाउन दाउरा बाल्नै पऱ्यो।" एउटीले भिडबाट कराई।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 22 6/16/23 16:07



"त्यसो भनेर त भएन नि। मेरो घरतिरको आवश्यकता पनि त यिनैं हुन् नि। तर धुवाँ कम गर्ने कुरा त हाम्रै हातमा छ। हामीले फोहर बाल्न हुँदैन। गाडीहरूलाई समयमैं मर्मत गर्नुपर्छ। सकेसम्म हिड्ने वा साइकल चलाउने गर्नुपर्छ। डिजेलको सट्टा बिजुलीबाट चल्ने साधन तथा कारखानाहरू चलाउनुपर्छ। हामीले भान्सामा धुँवा नआउने खालको चुलोको प्रयोग गर्नुपर्छ।" चन्चलेले सम्झायो।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 23 6/16/23 16:07





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 24 6/16/23 16:07



"ओहो ! यो कुरा त हामीले सोचेकै थिएनौँ। यति गरे हाम्रो सहरको धुवाँ कम हुन्छ भने त यस्तो राम्रो काम सुरू गरिहाल्नु पर्छ।" चतुरीले भनी।

"हो! हो!। सबै मिलेर हाम्रो सहरलाई सफा पारौँ।" सबैले एकै स्वरमा भने।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 25 6/16/23 16:07






NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 26 6/16/23 16:07




सहरमा सफाइ अभियान सुरू भयो।
चन्चलेले पुराना फालेका सामानहरूबाट
एउटा यान बनाउन थाल्यो।



सहर सफा हुँदैं गयो। निलो सफा आकाश देखिन थाल्यो। वरपरका डाँडाहरू पनि देखिन थाले। चन्चलेको यान पनि तयार भइसकेको थियो।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 28 6/16/23 16:07





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 29 6/16/23 16:07

चन्चले घर फर्किन तयार भयो। चतुरी, उसका आमा, बुवा र सहरका सबैं जना चन्चलेलाई बिदा गर्न भेला भए।

“हामीलाई जरूरी कुराहरू सिकाएकोमा तिमीलाई धन्यवाद छ। हामी, हाम्रो घर र सहर सधैँ सफा राख्ने छौँ।” चतुरीले भनी।





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 30 6/16/23 16:07



“मलाई सहयोग गरेकोमा धन्यवाद। म फेरि छिटैं तपाईंहरूको सुन्दर सहर र तपाईंहरूलाई भेट्न आउने छु।” यति भन्दैं चन्चले यानमा चढेर उड्यो।



NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 31 6/16/23 16:07





NP-LLP-17-0002_Text_ChanchalesJourney.indd 32 6/16/23 16:07